

# २ आउनेवाला अग्निपरीक्षाहरु

<u>*यस अध्यायका मूल पदहरू:*</u> १ पत्रुस ४:१२-१९, १ पत्रुस ५:८-११, रोमी १:२१-३२, यर्मिया ९:७-१६ र २ कोरन्थी १२:७-१०।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"प्रिय हो, तिमीहरूलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरूमाथि आइपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरू छक्क नपर। तर ख्रीष्टका कष्ट-भोगमा सहभागी हुँदा रमाओ, ताकि उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि अत्यन्तै आनन्दित र हर्षित हुन सकोस्।" १ पत्रुस ४:१२-१३।**

रासानयीक प्रयोगशालामा रसायनका विभिन्न पदार्थहरू एउटा सानो भाँडोमा राखिन्छ। अति त्यस भाँडोलाई अत्यधिक ताप वा आगो बालेर तताइन्छ। जब त्यो भाँडो तात्दै जान्छ तब त्यहाँ भएका पदार्थहरू कि त पग्लिन्छ वा टुक्राटुक्रा भएर टल्किन्छ वा विस्तारै झिरझिर भएर चलमलाउँछ वा तेजिलो भएर जल्दछ। तर त्यस भाँडोमा के पदार्थहरू छन् ती पदार्थहरूको स्वभाव अनुसार त्यसको अवस्था परिवर्तन हुन्छ। त्यस भाँडोलाई व्याख्या गर्न यथार्थमा मूचा, कुल्हिया वा अग्नीकुण्ड जस्ता शब्दहरू प्रयोग गर्दछन्।

आगोले तताएर भित्री पदार्थहरूलाई पोल्ने, उमाल्ने, पगाल्ने (सोनारले सुनलाई पगालिएको जस्तै), झिरझिर पार्ने र चम्काउने भाँडोलाई शब्दकोशमा यसरी व्याख्या गरिएको छ: (१) कुनै भाँडो जसमा पदार्थहरू हालेर पगाल्न अत्यधिक तापक्रम लिन सक्ने, (२) अत्यन्तै कठोर परीक्षा (३) अग्नीपथ (४) अग्नीशाला (५) त्यो स्थान, भाँडो वा परिस्थिति हो जहाँ सबै शक्ति वा उर्जाहरू एकै ठाउँमा जम्मा हुन्छन् र एक आपसमा अन्तर्क्रिया गर्दछन्। त्यसको नतिजाले त्यो पदार्थमा विभिन्न प्रभावहरूले गर्दा त्यसमा भएको बस्तु

परिवर्तन वा अर्के रूप लिन सक्दछ वा अर्कै भएर विकास हुन सक्छ वा मौलाउन सक्दछ।

तातिने वा तताउने त्यस किसिमको भाँडो वा परिस्थितिहरू हामीले बुझ्न सक्यौं भने हाम्रा आत्मिक जीवनमा कस्ता प्रक्रियाहरू खप्नु पर्ने रहेछ भनेर खुलस्त हुन्छ। हामीले अपेक्षा नगरेतापनि अचानक दवाव र जीवनका विभिन्न प्रयोगशालामा हामीलाई पारेको हुन्छ। आगोको मुस्लोमा हामीलाई पार्दा हामी परिवर्तन हुन्छौं, अर्कै व्यक्तित्व र आमूल विकास हुन्छौ र विशेष गरेर हाम्रै चरित्रमा हामीले नसोचेको भन्दा अर्कै रूप लिएर बढ्न थाल्दछौं। जब हामी अग्निपरीक्षामा पर्दछौं त्यस बेला प्रभु आफैले हाम्रो जीवनमा कसरी काम गरिरहनुभएको छ भनेर आत्मज्ञान प्राप्त गर्नु आवश्यक छ। अनि त्यस विषम, अग्निमय परिस्थितिलाई कसरी सामना गर्ने भन्ने उच्च धारणालाई हाम्रो दिमागमा राखिरहने कला हुन्छ। यस अध्यायमा यही विषयबस्तु समेतिएको छ।

**<u>यस अध्यायको झलक</u>ः हाम्रो जीवनमा कस्ता कस्ता कठिन परिस्थितिहरू आउँछन् जसले हामी परिवर्तन हुन अनुभव दिलाएको हुन्छ?**

## १. अचम्महरू वा अपेक्षा नगरिएका जाँचिने अनौठा प्रक्रियाहरू

**"प्रिय मित्रहरू हो, तिमीहरूलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरूमाथि आइपर्दा र महासंकटमा परिरहनुपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरू छक्क नपर।" १ पत्रुस ४:१२।**

येशूलाई नै विश्वास गर्ने, उहाँमाथि निष्ठा र आस्था गर्नेहरूलाई पनि अपेक्षा नगरिएका परिस्थितिहरू, पीडादायी अनुभवहरू र जाचिने अनेकौं अचम्म वा अनौठो परीक्षाहरू आउँछन् भनेर पत्रुसले त ठोकुवा नै गरेका छन्। तपाईं चढ्नु भएको कार वा बस बाटोबाट अचानक खस्छ, तपाईंले आफ्नो काम गुमाउनुभयो भनेर तपाईंलाई चकित पार्ने पत्र पनि मिल्न सक्दछ। डाक्टरले तपाईंको रोगको बारेमा गम्भिर नतिजा सुनाउँछन्। अझ तपाईंले माया गर्नेले तपाईंलाई गद्दारी वा धोखा दिएको पनि अनुभव गर्न सक्नु पर्ने हुन्छ। ती सबै पीडादायी भएतापनि जे जे परिस्थितिहरू तपाईंले सामना गर्नुहुन्छ ती सबै तत्कालै समयको निम्ति नैराशमय, अनौठो, अनावश्यक र प्रभुले ती सबै किन आउनदिनुभयो भनेर उदासिन अवस्थामा पनि तपाईं पर्न सक्नुहुन्छ।

हामीमा आउने केही अग्निपरीक्षा वा पीडादायी, भयाभव र आततायी परिस्थितिहरूलाई नौलो, अचम्म मान्नुहुन्न भन्ने विषय यस अध्यायमा हेर्नेछौं।

१ पत्रुस ४:१२देखि सुरु गरौं। यहाँ "अचम्म", "अनौठो" वा "अचाक्लीलाग्दो" भन्ने शब्द पौराणिक ग्रीक भाषाबाट उतारिएको हो। ती सबैको मूल अर्थ तिनीहरू "अपरिचित", "विदेशी" र "परदेशी" परिस्थितिहरू हुन्। इसाई जीवनमा आउने अनेकौं परीक्षा, अग्निहोम, दुःखकष्ट, विषम परिस्थितिहरू र मृत्युको सामनाहरू नौलो र अनावश्यकरूपमा आइपरेका कष्टहरू हुन् भनेर र तिनीहरू हामीलाई नाश गर्न वा सोत्तर पार्न आएको हुन् भन्ने धरापमा नपर्न आफ्ना प्रिय पाठकहरूलाई नसोच्न पत्रुसले आग्रह गर्दछन्। बरु तिनीहरू साधारण अनुभवहरू हुन् र तिनीहरू आउन हामीले अपेक्षा गर्नैपर्दछ।

"अग्निपरीक्षा" वा "आगोको ज्वालामा पर्नु," भन्ने शब्द ग्रीक भाषामा "जलिरहेको ठाउँ" भनेर उल्लेख गरिएको छ। अर्को अनुवादमा यसलाई दनदन जलिरहेको भट्टी पनि भनिन्छ। ती सबै आततायी परिस्थितिहरू हामीलाई तिखार्न र खार्न आएका हुन् ताकि हाम्रो आस्था, निष्ठा र प्रभुमाथिको भरोसा अटल होउन् भन्ने पत्रुसले आफ्नै अनुभवबाट प्रस्तुत गर्दछन्।

**१ पत्रुस ४:१२-१९ पढ्नुहोस् यहाँ पत्रुसले के समसामयीक र सान्दर्भिक सन्देश अहिलेमात्र होइन तत्कालिन कष्ट भोगिरहेका येशूभक्तहरूलाई दिएका दिएका थिए? हेर्नुहोस्, "प्रिय हो, तिमीहरूलाई पारख गर्ने अग्निमय परीक्षा तिमीहरूमाथि आइपर्दा केही अनौठो कुरा भएजस्तै तिमीहरू छक्क नपर। तर ख्रीष्टका कष्ट-भोगमा सहभागी हुँदा रमाओ, ताकि उहाँको महिमा प्रकट हुँदा तिमीहरू पनि आनन्दित र हर्षित हुन सक। यदि ख्रीष्टको नाउँमा तिमीहरू निन्दित भयौ भने तिमीहरू धन्यका हौ। किनभने महिमाका र परमेश्वरका आत्मा तिमीहरूमाथि रहनुहुन्छ। तर तिमीहरूमध्ये कसैले पनि हत्यारा, वा चोर, वा खराबी गर्ने, वा अर्काको कुरामा हात हाल्नेले झैं दुःख नभोग। तर कसैले ख्रीष्टियान भएको कारण दुःख भोग्दछ भनेता उसले लाज नमानोस्, तर त्यही नाउँमा उसले परमेश्वरलाई महिमा देओस्। किनभने न्याय परमेश्वरकै परिवारबाट सुरु हुने समय आएको छ, र यदि यो हामीबाट सुरु हुन्छ भनेता परमेश्वरको सुसमाचार नमान्नेहरूको अन्त्य कस्तो होला? अनि, "यदि धर्मी जनको उद्धार कठिनसँग हुन्छ भने अधर्मी र पापीको गति के हुने?" यसकारण परमेश्वरको इच्छाबमोजिम दुःख भोग्नेहरूले भलाइ गरून् र तिनीहरूले आफ्ना आत्मा विश्वासयोग्य सृष्टिकर्ता कहाँ सुम्पून्।"**

हामीले येशूलाई विश्वास गरेपछि, दुःखकष्ट र परीक्षाहरू आउँदैनन्, शरीर स्वस्थ नै भइरहन्छ, कुनै आर्थिक, सामाजिक, पारिवारिक र व्यक्तिगत समस्याहरूको सामना गर्नुपर्दैन भनेर कतिपयले अत्यधिक जोड र अतिसरलीकण वा अत्यन्तै हल्कारूपमा सोच्दछन् र नयाँहरूलाई उत्तेजित र जोशिलो पनि बनाउँछन्। जब हामीले सोचेको भन्दा फरक परिस्थितिमा हामी पर्दछौं तब हामीलाई अचम्म लागेकै लागेको हुन्छ। तर एउटा कुरालाई आत्मसात् गरिराख्नु अत्यन्तै जरुरी छः प्रभु असल हुनुहुन्छ भन्ने कुरा वास्तविक त छन् नै, तर उहाँलाई धमिल्याउने र हामीलाई शिकारी ठान्ने अन्धकारको खराबशक्ति सैतानको अस्तित्वपनि वास्तविकनै छन्। यो कुनै मनगढन्ते, धार्मिक पुराण व दर्शन विद्याको मन्थन होइन। तर प्रायजसो सबै असल थोकहरू प्रभुको बाकसमा थुप्राउँछौं भने नराम्रो थोकहरू सैतानको बाकसमा हाल्दछौं। तर हाम्रो जीवन त्यस्तो सरल छैन। प्रभुको वा सैतानको बाकस वा पोकोमा भएका थोकहरूलाई हाम्रो भावना र मर्मलाई प्रयोग गरेर तिनीहरूलाई ठिक वा बेठिक भनेर ठम्याउने क्षमता हामीमा छैन। कतिपय समयमा प्रभुसँग हिंड्दा हामीमा धेरै चुनौति, समस्या र जटिल परिस्थितिहरू आउँछन्। कतिपय समयमा प्रभुको पछि किन लाग्ने, येशूलाई नै विश्वास गरेर किन हिंड्ने वा उहाँको चालमा किन हिंड्ने बरु सैतानको पछि लागे सबै ठिक, रमाइलो, रमझम र फलिफाप भइ हाल्छ नी र भइपनि रहेको हामी देख्दछौं। अय्यूब धार्मिक, सिधा, निर्दोष र धर्मपरायण व्यक्ति त प्रभुलाई यो प्रश्न सिधै गरेका थिए, "मलाई हेर्नुहोस्, र अवाक् हुनुहोस्, र हातले मुख छोप्नुहोस्। जब म यो सम्बन्धमा सोच्दछु, म त्रासले भरिन्छु, र मेरो सारा शरीर नै थरथर काम्छ। "दुष्टहरू किन चिरञ्जीवी हुन्छन्? वृद्धावस्था र शक्तिमा किन बढ्दैरहन्छन्? आफ्ना छोराछोरीहरूलाई आफ्ना वरिपरि राम्ररी स्थापित भएका, र तिनीहरूका सन्तानलाई फलिफाप भएका तिनीहरू देख्न पाउँछन्। तिनीहरूका परिवारहरू सुरक्षित र डरबाट स्वतन्त्र हुन्छन्। परमेश्वरको न्यायको दण्ड तिनीहरूमाथि पर्दैन। तिनीहरूका बहर मिसिन्छन् र खेर जाँदैनन्, तिनीहरूका गाईहरू ब्याउँछन् तर तुहिँदैनन्। तिनीहरूका छोराछोरीहरू थुमाहरूझैं खेल्न कुद्छन र तिनीहरूका स-साना नानीहरू नाच्दै उफ्रन्छन्। खैंजड़ी र वीणासित तिनीहरू आनन्द मनाउँछन्, र बाँसुरीको सोरमा तिनीहरू रमाउँछन्। सम्पन्नतामा नै तिनीहरूको जीवन बित्छ, र शान्तिसित तिनीहरू चिहानमा जान्छन्। तापनि तिनीहरू परमेश्वरलाई भन्छन्, 'हामीलाई

छोड़िदिनुहोस्!' हामी तपाईंका मार्गहरू जान्न चाहन्नौं। सर्वशक्तिमान् को हो र हामी उहाँको आराधना गरौं? उहाँसँग प्रार्थना गरेर हामीले के पाउँछौं र?" अय्यूब २१:५-१५।

**यथार्थमा येशूलाई विश्वास गर्दा, उहाँको बारेमा सुससमाचार सुनाउँदा, उहाँको निम्ति कुनै कार्यक्षेत्रमा र उहाँसँग उभिने आँट गर्दा आउने अग्निपरीक्षाहरूको समिक्षा पत्रुसले गरेका थिए। तर अरूहरू कारणले पनि दुःखकष्ट र परीक्षा त आउँछननैं। जब सामना नै गर्न नसक्ने परिस्थितिहरू कसैलाई आउँछन् तब अत्यन्तै कुशल भएर १ पत्रुस ४:१२-१९लाई औंल्याउँदै उसलाई सम्झाउन प्रयत्न गर्ने प्रतिवद्धतामा तपाईं कसरी रहिरहने?**

## २. सैतानका अग्निवाणहरू

**"सचेत रहो, स्थिरचित्त, शीलवान, गम्भिर, खबरदारी हो, सावधानी र जागा रहो, किनभने तिमीहरूको शत्रु दियाबलस सैतानले कसलाई भेट्टाऊँ र खाइहाँलु भनी गर्जने सिंहझैं तिमीहरूलाई खोजिहिँडिरहेको छ।" १ पत्रुस ५:८ रूपान्तरित।**

**पत्रुसले व्यक्त गरेका ती वचनहरूको अर्थ तपाईंको निम्ति कस्तो छ? हामी सबैलाई त्यस पदमा के सन्देश छ? तपाईं आफै पनि गम्भिर भएर ती वचनलाई दिमागमा कसरी घुसाउनुभएको छ वा घुसाउन प्रयास गर्नुहुन्छ? तपाईंले आफ्नो जीवनलाई नियाल्नुहोस्। कतिपय कुराहरू तपाईंको जीवनमा आउँदा तिनीहरूलाई कसरी गम्भिररूपमा लिनुभएको छ?**

के तपाईंले भोकाएको सिंहलाई कहिल्यै देख्नु भएको छ? यो डरलाग्दो हुन्छ। यसले बाटोमा जे पायो त्यसलाई टिपेर खाइ दिन्छ। सैतान पनि त्यही तरिकाले आफ्ना शिकारहरूलाई आक्रमण गर्न खोजिरहेको हुन्छ। जब हामी हाम्रा वरिपरि हेर्छौं तब उसको चाहना नै सबैलाई मार्ने लक्ष्य भएको हामी पाउँछौं। मृत्यु, आतङ्क, दुःखकष्ट र महामारी जस्ता तत्वहरूले सबैको नैतिक र जीवनका मूल्यमान्यताहरूलाई बँग्याइरहेका छन् र लुटिरहेका छन्। सैतानका चर्तिकलाहरूलाई कुनै उपन्यास, दन्तकथा, मनको कुरो हो, यो केवल पुराण वा दर्शनको कुरामात्र हो भनेर पन्छाउने अधिकार प्रभुको वचनले हामीलाई दिइएको छैन। देखिने भौतिक तत्व जस्तै नदेखिने सैतानका कामहरूबाट हामी कहीं, कहाँ पनि लुक्न सक्दैनौं।

**सैतानको आक्रमण र उसका सस्त्रअस्त्रदेखि हामी कसरी जोगिएर बस्ने? <u>हेर्नुहोस् " सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र</u>**

खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ। विश्वासमा दह्रिला भएर त्यसको विरोध गर, किनकि संसारभरि नै तिमीहरूका दाजुभाइहरूले पनि यस्तै कष्टको अनुभव गरिरहनुपरेको छ। सबै अनुग्रहका परमेश्वरले ख्रीष्टमा आफ्नो अनन्त महिमाको निम्ति तिमीहरूलाई बोलाउनुभएको छ। तिमीहरूले केही बेर कष्ट भोगेपछि उहाँले नै तिमीहरूलाई फेरि नयाँ पार्नुहुनेछ, स्थिर गर्नुहुनेछ र शक्तिशाली पार्नुहुनेछ। उहाँलाई नै पराक्रम र शक्ति सदासर्वदा भइरहोस्। आमेन।" १ पत्रुस ५:८-११।

सैतानका ती आक्रमणहरू तपाईं येशूभक्तहरूमा आइपर्दा प्रभुले तपाईंहरूलाई के गर्छु भनेर वाचा दिनुभएको छ? "सबै अनुग्रहका परमेश्वरले ख्रीष्टमा आफ्नो अनन्त महिमाको निम्ति तिमीहरूलाई बोलाउनुभएको छ। तिमीहरूले केही बेर कष्ट भोगेपछि उहाँले नै तिमीहरूलाई फेरि नयाँ पार्नुहुनेछ, स्थिर गर्नुहुनेछ र शक्तिशाली पार्नुहुनेछ।" १ पत्रुस ५:१०।

येशूबारेमा प्रचारप्रसार गर्दा र हजारौं मानिसहरू चाहे यहूदी वा अन्यजाति वा विदेशीहरूको बीचमा खुलेआमरूपमा प्रचारप्रसार र विश्वासमा जन्मिन्दा त्यसदेखि आक्रोसित भएर अनेकौं धार्मिक, सामाजिक, पारिवारिक र तत्कालिन विश्वसाम्राज्य रोमलाई नै प्रयोग गरेर येशूप्रतिको अस्तित्व नै धरासयी बनाउन सैतानले खोजिरहेको थियो। अहिले पनि, सैतानले विभिन्न सामाजिक, धार्मिक, आर्थिक तथा राजनैतिक तत्वहरूलाई एकत्रित गर्दै येशूका जनहरूलाई अनेकौं तरिकाले हमला गरिरहेको छ। निःसन्देह, हाम्रो त्यस परमशत्रुको वास्तविकता र शक्तिप्रति सजग र सावधानी हुनुआवश्यक छ, तर हामी कहिल्यै पनि हतोत्साह, निराश र उदास हुनुहुन्दै किनकि सैतानलाई येशूलाई पराजित गर्नुभएको छ। ऊ हारिएको शत्रु हो। जबसम्म हामी येशूको सम्पर्कमा रहँछौं र विश्वासद्वारा उहाँलाई पकडि राख्छौं तबसम्म सैतानले हामीलाई हराउन पनि सक्दैन। क्रूसले गर्दा येशूले पाउनुभएको विजय हाम्रो पनि हो।

कतिपय तरिकाहरू प्रयोग गरेर सैतानले दुःख, पीडा दिन खोजेको सोच्नुहोस्। हामी पापमय संसारमा छौं र सैतानले सारा जीवनलाई तहसनहस पार्न भरमग्दुर प्रयास गरिरहेको छ। सैतानले ल्याउने त्यस आततायी पीडाको सामना गर्ने परिवेशमा १ पत्रुस ५:८-११लाई कसरी दिमागमा राख्ने?

## ३. पापका अग्निपरीक्षाहरू

**"परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका ईश्वरहीन र अधर्म प्रवृत्तिले दबाइराखेका छन्।" रोमी १:१८।**

हामीले जे गरेतापनि त्यसको प्रतिक्रिया वा नतिजा भोग्नै पर्दछ, अनुवभ गर्नै पर्दछ। तपाईं आइस्क्रिम लिएर घाममा उभिनुभयो भने त्यो पग्लिन्छ नै। जे काम गर्छौं त्यसको कुनै न कुनै तरिकाले असर पार्दछ। हामी जतिसुकै असल काम गर्न सुरे पनि वा फरक कामै गर्न चाहेतापनि पापकै पकडमा हामी चल्नुपर्ने वाध्य भइरहेको हुन्छ र पापकै चलखेलमा हामी हुन्छौं। जे रोप्छौं त्यही फलाउँछौं। स्वर्गमा प्रभु बिराजमान हुनुभएर मानिसहरूलाई नराम्रो काम गर्न उहाँ उक्साउनुहुन्न तर पापलेचाहिँ आफ्नै चर्तिकला देखाएर मानिसहरूलाई तहसनहस पार्न खोजिरहेको हुन्छ।

कतिपय समयमा हामी प्रभुलाई पन्छाएर हिँड्न सक्छौं भन्छौं। पापको ज्यादतिमा हामी पर्नु आवश्यक छैन भनेर ढुक्क भएर आँखा पनि चिम्लन खोज्दछौं। तर यथार्थमा यो कहिल्यै पनि होइन। पापको परिणाम हुन्छ भनेर पावलले स्पष्ट पार्दछ। त्यो असर अनन्त समयसम्म पीडादायी भइरहनेमात्र होइन त्यसको आततायी असर अहिले पनि हामीले भोगिरहेका हुन्छौं।

**कुन प्रक्रियामा मानिसहरू पापको दायरामा परिरहेका हुन्छन् र त्यसको नतिजाहरू के के हुन्? पावलले व्यक्त गरेका यी शब्दहरू प्रार्थनापूर्वक केलाएर पढ्नुहोस् र आफ्नै निश्कर्ष निकाल्नुहोस्। पापका कदमहरू र तिनीहरूका नतिजाहरूमा ध्यान दिनुहोस्।**

**रोमी १:२१-३२ "किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे। यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून्।किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु**

**सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे। यसैकारण परमेश्वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो। तिनीहरूका स्त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रातर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे। यसरी तिनीहरूले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो वा छोडिदिनुभयो। तिनीहरू सबै किसिमका बदमाशी, दुष्टता, लोभ, इबीले भरिएका छन्। तिनीहरू डाह, हत्या, झैंझगड़ा, छल, बदख्वाइँले भरिएका हुन्छन्, र तिनीहरू कुरौटे, र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, ३१ मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन्। यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्" (रोमी १:२१-३२)।**

मानिसहरू त्यस अधर्म काममा परिरहनुको कारण प्रभुको क्रोधले हो भनेर रोमी १:१८मा उल्लेख गरिएको छ। प्रभुको रिस भनेको ल मानिसहरू पापी भयो अब म तिनीहरूलाई क्रोध देखाउँछु, दुःखदिन्छु र कष्ट दिन्छु भनेको अवश्य होइन। मानिसहरू जे गर्न चाहन्छ त्यसलाई प्रभुले हस्तक्षेप गर्नुहुन्न। उनीहरूले स्वइच्छालाई प्रयोग गरेर के नतिजा लिन चाहन्छन् त्यही नतिजामा उहाँले छोड्नुहुन्छ। इसाईहरूलाई पनि तिनीहरूको कारणले दुःख, पीडा, समस्या ल्याउँछ भने उहाँले जहिले पनि तुरन्तै हस्तक्षेप गर्नुहुन्न र हाम्रै पापको कारणले निम्त्याएका नतिजाहरूलाई उहाँले हटाउनुहुन्न। पाप कतिको नराम्रो र त्यसको ज्यादति कतिको छ भनेर हामीले बुझोस् भनेर नै हाम्रा कामका परिणामहरू धेरै पल्ट भोगन उहाँले हामीलाई छोड्नुहुन्छ।

प्रभुका नैतिक व्यवस्था, दश आज्ञाहरूलाई कुल्चेर हिँड्दा त्यसका नतिजाहरू कस्तो हुन्छन्? तपाईंले जानेकै स्वास्थ नियम वा स्वस्थ रहने नीतिहरूलाई तोडेर वा वेवास्ता गरेर चल्दा तपाईंलाई के हुन्छ? हाम्रो भौतिक शरीर पनि प्रभुको घर वा वासस्थान वा पवित्र मन्दिर हो। यदि स्वस्थ जीवनशैलीलाई वेवास्ता गरेर खानपिनमा जथाभावी गरेर हिँड्यौं वा कसरतहरू गरेनौं वा शरीरको माग विपरित अति धेरै काम गरिरह्यौं भने त्यो पनि प्रभुको

बिरुद्धमा पाप हो भनेर बाइबलले खुलस्त बनाएको छ। त्यही पापको नतिजाले हामीमा अनेकौं अग्निवाणहरू हामीले नै भित्राइरहेका हुन्छौं।

**तपाईंको जीवनमा तत्कालै केही गर्नुभएको छ जसको नतिजा त्यतिखेर नै भोग्न वाध्य हुनुपरेको थियो? तपाईंको त्यस पापबाट के पाठ सिक्नुभयो? त्यस्तो नहोस् भनेर तपाईंको आत्मिक, भौतिक र मानसिक जीवनशैलीलाई कसरी परिवर्तन गर्न खोज्न चाहनुहुन्छ?**

## ४. अग्निपरीक्षाहरूले ल्याउने शुद्धता

**"यसैकारण सर्वशक्तिमान् सारा जगतक परमप्रभु यसो भन्नुहुन्छः "हेर, म तिनीहरूलाई खारेर जाँच्नेछु, किनकि मेरो प्रजाकै छोरीको पापको कारण म अरू के गर्न सक्छु र?" यर्मिया ९:७।**

"यदि प्रभुको आत्माले तपाईंको दिमागमा केही वचनहरू हालिदिनुहुन्छ तब ती वचनहरूले तपाईंलाई असहज, चित्त दुखाइरहेको हुन्छ भने तिनीहरूमा केही छन् जसले तपाईंलाई खारेर तपाईंमा नहुनुपर्ने कुरालाई उहाँले मार्न चाहनुहुन्छ"-ओसवाल्ड चाम्बस्, *माइ अटमोस्ट हिज हाइजेस्ट* (युरिचभिल, ओहायोः बारबोर, १९६३), पृ. २७१बाट रूपान्तरित।

**यर्मिया र ओसवालाडका कथनहरूलाई तपाईंले कसरी बुझ्नुभएको छ? अग्निपरीक्षाको स्थितिमा तपाईं पर्नुभएर तपाईंलाई शुद्ध गर्ने क्रममा तपाईंले पीडा भोग्नुपर्दा तपाईंको आफ्नै अनुभव कस्तो भएको थियो?**

**यर्मिया ९मा प्रभुले यहूदा र यरुशलेमलाई पोल्नुहुनेछ, खार्नुहुनेछ र अग्निहोममा हाल्नुहुनेछ भनेर खुलासा गर्नुभएको छ। त्यसका के दुई कारणहरू छन् (यर्मिया ९:१३,१४)? यस खालको खारिनु कसरी हुन्छ? (यर्मिया ९:१५,१६)? हेर्नुहोस्, "मेरो शिर पानीको मूल र मेरो आँखा आँसुको फुहारा भए त, मेरो प्रजाका मारिएकाहरूका निम्ति म रातदिन रुनेथिएँ। मरुभूमिमा यात्रीहरू बस्नका निम्ति मेरो एउटा बस्ने ठाउँ भए त, म आफ्नो प्रजालाई छोड़ेर तिनीहरूबाट टाढ़ा जानेथिएँ। किनकि तिनीहरू सबै व्यभिचारी हुन्, विश्वासघातीको एक जमात। "तिनीहरू झूट बोलिहाल्नलाई आफ्नो जिब्रो धनुझैं तयार गर्छन्। देशमा तिनीहरू सत्यद्वारा विजयी हुँदैनन्। तिनीहरू एक पापदेखि अर्को पापतिर लम्कन्छन्, अनि मलाई चिन्दैनन्,' परमप्रभु भन्नुहुन्छ। "आफ्ना मित्रहरूदेखि होशियार बस। आफ्ना दाजुभाइमाथि पनि भरोसा नराख। किनभने हरेक दाजुभाइ छली छ, र हरेक मित्र नै झूटा दोष लगाउँदै हिंड्छ। मित्रले मित्रलाई छल गर्छ, र कसैले पनि सत्य कुरा बोल्दैन। तिनीहरूले आफ्नो**

जिब्रोलाई झूट बोल्न सिकाएका छन्, र तिनीहरू पाप गर्दागर्दा थकित भएका छन्। तिमी छलहरूका बीचमा बस्छौ। आफ्नो छलमा तिनीहरू मलाई चिन्न इन्कार गर्छन्," परमप्रभु भन्नुहुन्छ। यसैकारण सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः "हेर, म तिनीहरूलाई खारेर जाँच्नेछु, किनकि मेरो प्रजाकै पापको कारण म अरू के गर्न सक्छु र? तिनीहरूको जिब्रो विषालु काँड़ हो, त्यसले छलको कुरा बोल्दछ। हरेकले आफ्नो छिमेकीसित मुखले त मेलको कुरा गर्दछ, तर हृदयमा चाहिँ त्यसको विरुद्ध ढुकेर पासो थाप्दछ। के यसैको निम्ति म तिनीहरूलाई दण्ड नदिऊँ?" परमप्रभु भन्नुहुन्छ। "के यस्तो जातिलाई म दण्ड नदिऊँ?"

पहाड़हरूका निम्ति म रुन्छु र विलाप गर्छु, मरुभूमिमा भएका खर्कहरूका निम्ति म विलाप गर्छु। ती उजाड़ पारिएका छन्, त्यसबाट भएर कोही पनि यात्रा गर्दैन, र गाई-गोरुहरूको सोर त्यहाँ सुनिँदैन। आकाशका पन्क्षीहरू भागेका छन्, र पशुहरू गइगएका छन्। "म यरूशलेमलाई भत्केको थुप्रो, स्यालहरूको ओड़ार तुल्याइदिनेछु। म यहूदाका नगरहरूलाई उजाड़-स्थान तुल्याइदिनेछु,र त्यहाँ कोही पनि बस्न सक्नेछैन।" यो बुझ्ने कुन यस्तो बुद्धिमान् मानिस होला? कसलाई परमप्रभुले सिकाउनुभएको छ र त्यसले यो बुझाउन सक्छ? कोही त्यसमा भएर जान नसक्ने गरी किन देश मरुभूमिजस्तै नाश र उजाड़ भयो? परमप्रभुले भन्नुभयो, "किनभने मैले तिनीहरूका सामुन्ने राखेका मेरो व्यवस्थालाई तिनीहरूले त्यागे। तिनीहरूले मेरो आज्ञापालन गरेका छैनन्, र मेरो व्यवस्थाबमोजिम तिनीहरू हिँड़ेका छैनन्। त्यसको सट्टा तिनीहरू आफ्ना हृदयको हठमा हिँड़ेर तिनीहरूका पिता-पुर्खाहरूले सिकाएअनुसार बाल देवताका पछि लागेका छन्।" यसकारण सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः "हेर, म यस प्रजालाई ऐरेलु खुवाउनेछु, र पिउनलाई विषालु पानी दिनेछु। न त तिनीहरूले न तिनीहरूका पिता-पुर्खाहरूले जानेका जातिहरूका बीचमा म तिनीहरूलाई छरपष्ट पार्नेछु, र तिनीहरूलाई नष्ट नपारुञ्जेल तरवार लिएर म तिनीहरूलाई खेद्नेछु।" सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छः "अब विचार गर! विलाप गर्ने स्त्रीहरूलाई बोलाओ, तिनीहरूमध्येका सबैभन्दा निपुण विलाप गर्नेहरूलाई बोलाइपठाओ। तिनीहरू चाँड़ै आऊन्, र हाम्रा निम्ति विलाप गरिदिऊन्, जबसम्म हाम्रा आँखाभरि आँसु हुँदैन, र हाम्रा परेलाबाट आँसुको धारा छुट्दैन। सियोनबाट विलापको सोर सुनिँदैछः 'हामीहरू कस्तो किसिमले नष्ट भयौं! हामीहरू लाजले भुतुक्क भयौं! हामीले हाम्रो देश छोड्नैपर्छ, किनभने हाम्रा

घरहरू नष्ट भए'।" अब हे स्त्री हो, परमप्रभुको वचन सुन, उहाँको मुखको वचन सुन्न तिमीहरूका कान खोल। तिमीहरूका छोरीहरूलाई शोक गर्न र एक-अर्कालाई विलाप गर्न सिकाइदेओ। हाम्रा बालकहरूलाई गल्लीदेखि, र हाम्रा जवानहरूलाई चोकहरूदेखि मृत्युले नाश गरेको छ। त्यो हाम्रा झ्यालहरूसम्मै चढ़ेर आएको छ र हाम्रा किल्लाहरूभित्र पसेको छ। तिमिले भन्, "परमप्रभु यो घोषणा गर्नुहुन्छः 'मानिसहरूका लाश बारीका मलझैं, बाली काट्नेहरूका पछाड़ि छोड़िएका दानाझैं पड़िरहनेछन्, र कसैले तिनलाई बटुल्नेछैन'।" परमप्रभु यसो भन्नुहुन्छः "बुद्धिमान् मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस्, अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोस्: 'म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ। किनभने यिनैमा म प्रसन्न हुन्छु," परमप्रभु भन्नुहुन्छ। परमप्रभु घोषणा गर्नुहुन्छः "समय आउँदैछ, जब म शरीरको मात्र खतना भएकाहरू तर यथार्थमा बेखतना भएका सबैलाई दण्ड दिनेछु– २६ अर्थात् मिश्रदेश, यहूदा, एदोम, अम्मोन, मोआब र मरुभूमि र टाढ़ा-टाढ़ाका ठाउँहरूमा बस्ने सबैलाई। किनकि यी सबै जातिहरू साँच्चै नै बेखतनाका हुन्, र इस्राएलका सारा घरानासित पनि हृदयमा बेखतना भएकाहरू हुन्।" यर्मिया ९।

जब प्रभुले आफ्ना जनहरूलाई खार्नुहुन्छ, तिखार्नुहुन्छ, अग्निहोममा हाल्नुहुन्छ र परीक्षा गर्नुहुन्छ तब ती प्रक्रियाहरू प्रचण्ड, कठोर, सख्त, उग्र र जबरजस्त पनि हुनसक्छन्। यस्ता खालका परीक्षा र खार्ने कामहरू तीन कारणहरू हुनसक्छन्। पहिलो त, हामी पीडाको अनुभव गर्दछौं ताकि हामीमा त्यस्तो परिस्थिति वा वातावरण होस् जसले गर्दा पापप्रति हाम्रो ध्यान जाओस् र पापको ज्यादतिलाई चिन्नसकोस्। " "तिमीले तिनीहरूका चाल जाँच्न र हेर्न भनी मैले तिमीलाई धातु जाँच गर्ने र तिनीहरूलाई चाहिँ नपगालेको कच्चा धातुझैं बनाएँ। तिनीहरू सबै अपवाद गर्दै यताउता हिँड्ने कठोर बागीहरू हुन्। तिनीहरू काँसा र फलाम भइगएका छन्। तिनीहरू सबै भ्रष्ट चालको काम गर्दछन्। २९ आगोले भस्म हुने पदार्थलाई भस्म पार्न खलाँती खूब जोरसित फुकिन्छ। तर सफा गर्ने काम व्यर्थमा भइरहन्छ। दुष्टहरूको छनोट भएको छैन।तिनीहरूलाई खोट लागेका चाँदी भनिन्छ, किनभने परमप्रभुले तिनीहरूलाई इन्कार गर्नुभएको छ" (यर्मिया ६:२७-३०)। त्यसकारण हामीलाई ध्यानमा ल्याउन पापको अन्धकारको शक्ति प्रभुलाई विश्वास गर्छु भन्ने

जनहरूमा कतिको रहेछ भनेर देखाउन नै ती प्रचण्ड, सख्त र कठोर प्रक्रिया उहाँले आउन दिनुहुन्छ। दोस्रोमा, हामीमा पापको निम्ति बेदना, सन्ताप, दारुण, दुःख र मार्मिक विरहको अनुभव गर्दछौं ताकि पाप कस्तो रहेछ भनेर स्पष्टरूपमा हेर्न सकिनेहुन्छौं। तेस्रोमा, हामी अरूहरूभन्दा, समाज, सभ्यता, रहनसहनको बिपरित चल्न खोज्दा निराश, हतोत्साह र निरर्थकको अनुभव गर्दछौं। हाम्रो जीवनलाई हामीलाई प्यारो लाग्ने थोकहरूलाई जानाजानी त्यागनुपर्दा कठिन र असहज हुन जान्छ।

**तपाईं आफै कुन पापहरूसँग संघर्ष गरिरहनुभएको छ? यदि तपाईंलाई अहिले नै खार्न चाहनुहुन्छ भनेर उहाँले कसरी गर्नुहुन्छ होला? तर प्रभुले त्यस प्रचण्ड प्रक्रिया तपाईंको निम्ति चाल्नुभन्दा पहिले तपाईं आफैले पापलाई कसरी सम्हाल्नुपर्दछ? इस्राएलका पापहरूलाई उहाँले कसरी सम्हाल्नुभएको थियो?**

## ५. प्रभुमाथिको आस्था, निष्ठा र भरोसामा परिपक्व बनाउन अग्निपरीक्षाहरू

**"प्रशस्त आत्मज्ञान वा प्रकाशहरूको कारण घमण्डले म बढ्ता नफुलूँ भनेर मलाई सताउन र घमण्डबाट रोक्नलाई सैतानको दूत, अर्थात् एउटा काँढ़ो मलाई कचकच गराउन मेरो शरीरमा दिइयो।" (२ कोरिन्थी १२:७)।**

कुनै पनि विरूवा काट्न र छिमल्ने काम धेरै फरक हुन्छ। हामीलाई मन नपर्ने बिरूवाहरू हामी काटेर मिल्काउँछौं, आगोमा हाल्छौं वा मल बनाउँछौं। तर जब कुनै बिरूवा छिमल्छौं र हाँगालाई काँटछाँट गर्छौं तब त्यस बिरूवा अझ राम्रोसँग फलोफुलोस र बढोस् भन्ने चाहन्छौं। दुवै प्रक्रियामा तिखो कैंचिको आवश्यक हुन्छ। छाँटकाट वा छिमल्ने काममा विरूवाका भागहरू कैंचीले काटिन्छ। यसो हेर्दा कुशल **बगैंचेले त्यसलाई नाश गर्न खोजेको जस्तो देखिन्छ। आत्मिक परिवेशमा ब्रुश विल्कसन लेखकले यसरी व्यक्त गर्दछन्,** "के तपाईंले प्रभुबाट अत्यन्तै प्रशस्तमात्रामा आशिषहरूको निम्ति प्रार्थना गरिरहनुभएको छ ताकि उहाँले तपाईंलाई उहाँको पुत्र जस्तो बनाउन सकुन्? यदि तपाईंको जवाफ हो भनेर दिनुहुन्छ भने तपाईंमा भएका अनावश्यक आत्मिक, भौतिक र मानसिक भुत्लाहरू काट्न माग गर्दै हुनुहुन्छ"- सिक्रेट अभ भाइन (सिस्टरस, ओरिगानः मल्टिनोमाह, २००१), पृ. ६०बाट रूपान्तरित।

आफ्नो शरीरमा भएको काँडा के होला भनेर धेरै मानिसहरू अचम्म मान्दै सोच्दछन। पावलले के भन्न खोजेको हो भनेर खुल्दुली सबैलाई लाग्नु स्वभाविक हो। उनमा शत्रुहरूको निरन्तर आक्रमण र आफ्नै इसाई

विश्वासीहरूले विश्वासमा गद्दार गरेकोदेखि लिएर राम्रोसँग बोल्न सक्ने खुबी उनमा नहुनुपनि हो। उनको आँखामा समस्या पनि भएको देखिन्छ। अचम्म तरिकाले आफ्नो दुखेसो व्यक्त गरेर पावलले भन्दछ यो काँडा त मलाई नै झुन्ड्याइ दिएको छ।

**मलाई नै दिएको भनेर पावलले भन्नुको अर्थ के हो? कसले उनलाई त्यो आततायी काँडा दियो त? तर पावलकै फाइदाको निम्ति त्यो काँडा प्रभुले कसरी प्रयोग गर्नुभयो?**

यो सोच्नुहोस् पावलको काँडाको निश्चित लक्ष्य छः प्रशस्त आत्मज्ञान वा प्रकाशहरूको कारण घमण्डले म बढ्ता नफुलूँ भनेर मलाई सताउन र घमण्डबाट रोक्नलाई शैतानको दूत, अर्थात् एउटा काँडा मेरो शरीरमा दिइयो" (२ कोरिन्थी १२:७)।

**पढ्नुहोस्ः " प्रशस्त आत्मज्ञान तथा प्रकाशहरूको कारण घमण्डले म बढ्ता नफुलूँ भनेर मलाई सताउन र घमण्डबाट रोक्नलाई शैतानको दूत, अर्थात् एउटा काँडा मेरो शरीरमा दिइयो। यो मबाट हटोस् भनेर मैले तीन पल्ट प्रभुसित बिन्ती गरे। ९ तर मलाई उहाँले भन्नुभयो, "मेरो अनुग्रह तेरो निम्ति पर्याप्त छ, किनभने मेरो शक्ति दुर्बलतामा नै सिद्ध हुन्छ।" यसकारण ख्रीष्टको शक्ति ममा वास गरोस् भनेर म बरु मेरो दुर्बलतामा बढ़ी खुशीसाथ गर्व गर्नेछु। यसकारण ख्रीष्टको खातिर दुर्बलताहरूमा, बदनामीहरूमा, कठिनाइहरूमा, सतावटहरूमा, आपद्हरूमा म सन्तुष्ट रहन्छु। किनकि जब म दुर्बल छु, तब म शक्तिशाली छु" (२ कोरिन्थी १२:७-१०)। पावलले उनको काँडालाई कसरी सम्हाले? के पावलको कमजोरीले उनमा अरू केही आत्मिक फाइदा उठाउन सकेका थिए त? तपाईंको आफ्नै जीवनमा अनेकौं काँडाहरू बोकिरहनुभएको होला वा तिनीहरूले घोचिरहेका होलान्। तर पावलको अनुभवले ती काँडाहरूसँग सामना गर्न तपाईंलाई कसरी हौशला मिल्न सक्दछ?**

**तपाईंको आत्मिक विकास, समृध्दि र उत्थान प्रभुले चाहेको भन्दा कसरी फरक हुनसक्छन्? तपाईंको जीवनमा कुन पक्षहरू छन् असल, ठिक, धर्मपरायण र आत्मिक फलिफापको निम्ति विकासको आवश्यक भएको थियो सो सोच्नुहोस्। तपाईंलाई छाँटकाँट गरेर कुन् आत्मिक गुण र आदर्शहरू तपाईंको जीवनमा प्रभुले प्रगति गर्नुभएको तपाईं चाहनुहुन्छ?**

## उपसंहारः

**थप जानकारीः** एलेन जी. ह्वाइट, *साइनस् अभ टाइमस्,* नभेम्बर १८, १९०३, "इफेक्टुयल प्रेयर", *एसडिए बाइबल कमेन्टरी,* ठेली ४को पृ. १११८२ र माइलाइफ टुडेको, पृ. ९२को "गड पर्मिटस् ट्रायल टु प्युरोफाइ मी।"

""जसले मानिसहरूका हृदय वा मनका कुराहरू पढ्नुहुन्छ उहाँलाई तिनीहरूका चरित्र, आनिवानी र नियतहरू ती मानिसहरूलाई भन्दा बढि थाहा छ। कतिपयसँग आफैमा बुद्धि, दक्षता, अनुभूति, बल र शक्तिहरू छन् जुन ठिकसँग निर्देशित गरियो भने प्रभुको कामको प्रगतिको निम्ति उपयोग हुनसक्छ भनेर उहाँले देख्नु हुन्छ। प्रभुले नै विभिन्न प्रतिभा, खुबी र दक्षता भएकाहरूलाई विभिन्न ओहोदाहरूमा राखिदिनुहुन्छ। तिनीहरूलाई विभिन्न र फरक परिस्थितिहरूमा पार्नुहुन्छ ताकि तिनीहरूले आफ्नै चरित्रका खोटहरू चिनुन जुन तिनीहरूको आत्मज्ञान, विवेक र बुद्धिबाट लुकाइएको हुन्छ। तिनीहरूलाई ती कमजोरीहरू सच्याउन उहाँले अवसरहरू दिनुहुन्छ, र उहाँको कामको निम्ति योग्य बनाउनुहुन्छ। तिनीहरू शुद्ध, निर्दोष होस् भनेर प्रायजसो दुःखकष्ट र अग्निज्वालाहरू तिनीहरूमाथि आक्रमण गर्न उहाँले अनुमति दिनुहुन्छ।" *द मिनिस्त्री अभ हिलिङ्ग,* ४७१बाट रूपान्तरित।

## चिन्तनमननः

**अ.** **हाम्रा पापका परिणामहरू हामीले भोगिरहनुपर्दा हाम्रो निम्ति धेरै कठिन हुन्छ। हामी सोध्छौं "के अब प्रभुसँग फेरि ठिक भएर चल्न सकुँला?" त्यस्तो परिस्थितिमा प्रभुका के प्रतिज्ञाहरू छन् जसले तपाईंलाई होशला र लगनशीलता कायम गर्दै आत्मिक जीवनलाई प्रगतिशील बनाउँदै जान सक्नुहुन्छ? यही प्रश्न तपाईंलाई कसैले सोध्यो भने तपाईंले के जवाफ दिनुहुन्छ? हेर्नुहोस् पावलको भनाइ रोमी ५ः१-११ "यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं। यस अनुग्रहमा हामी खड़ा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं। यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ। आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रा हृदयमा खन्याइएको छ। किनकि**

हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो। यसकारण उहाँको रगतद्वारा धर्मी ठहरिएका हुनाले झन् बढ़ी हामी परमेश्वरको क्रोधबाट उहाँद्वारा बचाइनेछौं। किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन् बढ़ी अब उहाँसँगै मिलाप भएका हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं। यति मात्र होइन, तर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि छौं, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ।"

आ. प्रभुकै आदेश जे हुन्छ त्यो उहाँका भक्तहरूको निम्ति हुन्छ भन्ने एलेन जी. ह्वाइटको धारणाको अर्थ के हो? तपाईंले अपेक्षा नगरेका कष्ट र घट्नाहरू तपाईंमा पऱ्यो भने प्रभुको चाहना रहेछ भनेर तपाईंले कसरी थाहा पाउने? तपाईंकै जीवनमा प्रभुले कस्ता कस्ता चालहरू चल्नुभयो जसले तपाईंलाई आदर्श व्यक्ति बनाउन सहयोग गरेको छ? प्रभुको इच्छा भनेर मन्थन गन्थन गरिरहनेहरूलाई तपाईंले कसरी सहयोग गर्न सक्नुहुन्छ?

इ. यदि अहिले नै तपाईंलाई कुनै व्यक्तिको बारेमा थाहा छ जो अग्निज्वालामा परिरहेको छ? कसरी त्यो ज्वाला ल्यायो भन्ने कुरामा के तपाईंलाई सरोकार छ र? अर्थात् जुन कारणले त्यो व्यक्ति होमिन पुगिरहेतापनि त्यस व्यक्तिप्रतिको प्रतिक्रिया तपाईंको के छ?

ई. दक्षिण अमेरिकामा एक जना सुसमाचार प्रचारक अत्यन्तै दुःखकष्ट र तितो परीक्षामा परेका थिए। त्यसपछि उनी युरोपमा सरे र कसैलाई यो सुनाए, "मेरो लास त दक्षिण अमेरिकामै छोडे।" त्यसको अर्थ के हो? कुनै न कुनै तवरले हाम्रो लास कतै किन छोड्नु पर्दछ? दुःखकष्ट, परीक्षा, अग्निज्वालाहरूको भूमिका के हुन्छ यदि हाम्रो लास छोड्नुपर्छ भने?

उ. चर्चको हैशियतले कुनै अस्पताल वा स्थानमा तपाईं जानुहोस् जहाँ दुःखकष्ट र पीडा जुनसुकै कारणले भोगिरहेतापनि मानिसलाई सान्त्वना, उत्साह, आशा, सहायता र खुशी पार्न सक्नुहुन्छ।

कथा २

## महामारीको समयमा आश्चर्य काम, बोलभिया

### ग्विलेर्मो



कोभिड-१९ले गर्दा बोलभियामा लक डाउन भएको थियो। सबै चर्चहरू बन्द भएको थियो। भाइरस फैलिएला भनेर चर्चको सबै क्रियाकलापहरूमा बन्देज लगाएको थियो। तर बोलभियको सबभन्दा ठूलो दोस्रो सहर एले आल्टोमा विश्वासीहरूको साना साना समूहहरू घरेलु सङ्गतिको निम्ति भेला हुन थालेका थिए। तैपनि यस महामारीमा मानिसहरूले परमेश्वरको आराधना कसरी गर्न सकिन्छ भनेर ग्विलेर्मो दिलैदेखि प्रार्थना गर्दै थिए। जब ग्विलेर्मोले प्रार्थना गर्दै थिए तब एउटा बिचार उनको मगजमा आयो। सहर छोडेर टाढा सुनसान ठाउँमा आराधना कार्यक्रम  किन संचालन नगर्ने भनेर उनले सोच्न थाले। धेरै प्रार्थना गरेपछि चर्चका धेरै सदस्यहरू मिलेर सहरका वरिपरि रहेका धेरै पहाडहरूमा एउटा पहाडमा परमेश्वरको आराधना गर्ने निर्णय उनले गरे। समूहले एउटा पहाडमा जाने निर्णय गऱ्यो। तिनीहरूको आयमारा भाषामा त्यस ठाउँलाई "वाना कुटा" वा "सुख्खा तलाउ" भन्छ। यो एउटा हिँउको पहाडको फेदीमा छ।

पहिलो साबथमा आठ जना पुरुष विश्वासीहरू भेला भए। विश्वासीहरू निराश भएनन्। तिनीहरू हरेक साबथ आराधनाको निम्ति निरन्तररूपमा भेला भए। तर जब तिनीहरूले प्रार्थना गरे र आराधना गरे मानिसहरू धमाधम आउन थाले। तीन महिनापछि आराधना गर्नेहरु आठ जना बाट १०० जना भए। एडभेन्टिस्टहरूमात्र होइन अरू चर्चका मानिसहरू पनि सेवा आराधना गर्न आउन थाले। चिसो, जाडो र थकाइले पुरुष र महिला, जवान र बालबालिकाहरू पनि दुई किलोमिटर पहाडमाथि चढेर परमेश्वरको आराधना गर्न थाले। जब तिनीहरू पहाड चढ्दै गर्थे एउटा कुरो तिनीहरूले मनमा राखिर रहे, "हामी हिँड्दै गरौं। परमेश्वर हामीसँग हुनुहुन्छ।" तिनीहरूले पहाडमाथि परमेश्वरको ध्यान गरे, प्रार्थना गरे र उपवास बसे।

त्यस पहाडमा घुँडा टेकेर प्रार्थना गर्दै परमेश्वरमा तिनीहरू आनन्द मनाउन थालेका थिए।

प्रत्येक साबथ पहाडमा मानिसहरू भेला भएर आराधना गर्दा सबैले धेरै आशिष पाएको अनुभव गरेका थिए। बिमार र बेरोजगारको परिस्थितिमा संघर्ष गर्दा गर्दै पनि धेरैले परमेश्वरलाई खोज्दै थिए। जब हरेक साबथ आराधना पछि पहाडबाट ओर्ले तब धेरैका आँखाहरूमा आँशुहरू हुन्थ्यो। परमेश्वर नै नियन्त्रणमा हुनुहुन्छ भन्ने तिनीहरूको विश्वास थियो। तिनीहरूको बीचमा परमेश्वरले ठूला ठूला कामहरू गर्नुहुनेछ भनेर उहाँमाथि भरोसा राखेका थिए। फिलिप्पी ४:१९,२० पढेर तिनीहरूले एक आपसलाई उत्साह दिएका थिए, "मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ। अब हामीहरूका परमेश्वर र पितालाई सदासर्वदा महिमा होस्। आमेन। जब महामारी कम हुँदै गयो तब अनन्तको सुसमाचारको प्रचारका कमी आएन। त्यस महामारीमा त्यस पहाडमाथि भएको अचम्मको आराधना सेवाकार्यमा १३ जनाले आफ्नो हृदय प्रभुलाई दिएर बप्तिस्मा लिए। आज त्यस पहाडमा भेला हुने विश्वासी समूह सहरको एउटा हल भाडामा लिएर प्रत्येक साबथ प्रभुको आराधना गर्छन्। त्यहाँ ५० जना भन्दा बढि मानिसहरू आराधनाको निम्ति प्रत्येक साबथ भेला हुन्छन्।